सम्पर्क न.
प्रमुख प्रशासकीय अधिकृत०९१,५६०११८
प्रशासन शाखा, ०९१५६०८१६

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०७९/०८०
चलानी नं. २०६८

मितिः २०७९/११/२१

विषय : अभिमुखीकरण कार्यक्रममा सहभागिता सम्वन्धमा ।

श्री वडा अध्यक्षज्यूहरु (सम्पूर्ण )
(१ देखि ९ सम्म , वडा कार्यालय)
टीकापुर नगरपालिका, टीकापुर-कैलाली ।

प्रस्तुत विषयमा सदूरपश्चिम प्रदेश, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको च.नं.१३१ को प्राप्त पत्र वमोजिम वडा अध्यक्षज्यूहरुको लागि यहि मिति २०७९/११/२५ देखि ऐ. २७ गते सम्म (३ दिन) स्थानीय सरकार संचालन तथा स्थानीय विकास सम्वन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हुँदा उक्त अभिमुखीकरण कार्यक्रममा सहभागि भईदिनु हुन जानकारी गराईन्छ ।

साथै सो सम्वन्धी पत्र यसै साथ संलग्न रहेको व्यहोरा अनुरोधछ ।

.......................................
लक्ष्मण बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ : सूचना तथा संचार प्रविधि उपशाखा : -सम्पूर्ण वडा कार्यालयहरुमा जानकारी गराउने ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सुदूरपश्चिम प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान
पुन्ना, डोटी

च.नं./Ref.No. ९३९

श्री कैलाली जिल्ला अन्तर्गतका स्थानीयतह सबै
कैलाली ।
(ध.न.उपमहानगरपालिका, गोदावरी न.पा.,टिकापुर न.पा., भजनी न.पा.,गौरीगंगा न.पा., घोडाघोडी न.पा., लम्कीचुहा न.पा., बर्दगोरिया गा.पा., चुरे गा.पा., जानकी गा.पा., जोशीपुर गा.पा., कैलारी गा.पा. र मोहन्याल गाउँ पालिका)

विषय :- **स्थानीय तहका नवनिर्वाचित वडाअध्यक्षज्यूहरूलाई अभिमुखिकरण सम्बन्धमा ।**

उपरोक्त विषयमा मिति २०७९ साल वैसाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भई नवनिर्वाचित जनप्रतिनिधिले आ-आफ्नो काम प्रारम्भ गरि सकेको यस परिवेक्षमा स्थानीय तहको शासकिय क्षमता अभिवृद्धि गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक शिप र दक्षता अभिवृद्धि गर्ने उदेश्यले गाउँ/नगरपालिकाका वडाअध्यक्षज्यूहरूका लागि सुदूरपश्चिम प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आयोजनामा संचालन हुन गैरहेको **(स्थानीय सरकार संचालन तथा स्थानीय विकास सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममा)** कैलाली जिल्ला अन्तर्गतका सम्पूर्ण गाउँ/नगरपालिकाका वडाध्यक्षज्यूहरूलाई तपसिल अनुसारको मिति, स्थान र समयमा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ ।

तपसिलः-

मिति :- २०७९/११/२५ देखि ऐ २७ गते सम्म (३ दिन)
स्थान :- विपिपोलिटेक्निक इन्स्टीच्यूट, हसनपुर, धनगढी ,कैलाली
समयः- विहान १०.०० बजे देखि ५.०० बजे सम्म

बोधार्थ :-
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,धनगढी, कैलाली ।

( पूर्ण सिंह विष्ट)
नि. कार्यकारी निर्देशक
कार्यकारी निर्देशक

**पुनश्चः अभिमुखीकरण कार्यक्रम गैर आवसीय हुने छ । कार्यक्रममा दैभ्रमता र यातायात वापतको खर्च यस प्रतिष्ठानबाट व्यहोरिने छ । तालिममा सहभागि हुन आउँदा पालिकाको पत्र वा स्वीकृत दैनिक भ्रमण आदेश अनिवार्यरूपमा हुनुपर्ने छ । साथै गाडी रिर्जवको व्यवस्था नभएको र चालकको समेत सुविधा नभएको व्यहोरा अनुरोध छ ।**

फोन नं. ०९४-४११११२ फ्याक्स: ०९४-४११११२ e-mail : pcggdoti@gmail.com